# आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली
## मितिः ११ मई २०२६
समयः १८:५० - १९:०५ बजे *(अवधि १५ मिनट)*

**प्रमुख समाचार**

- राज्यमा नयाँ बीजेपी सरकारको पहिलो कैबिनेट बैठकमा महत्वपूर्ण निर्णयहरु लिइएको छ।

- मुख्यमन्त्री सुभेन्द अधिकारीले पाँच क्याबिनेट मंत्रीहरूलाई विभागहरू आवंटित गर्नु भयो।

- पश्चिम बंगाल सरकारले बोर्ड, सार्वजनिक क्षेत्र र गैर-वैधानिक निकायहरूमा नामित पदहरूलाई तत्काल समाप्त गर्न निर्देश दिईएको छ

- गोर्खाल्याण्ड क्षेत्रिय प्रशासनका प्रमुख कार्यपाल अनित थापाले विभिन्न इन्जिनियरिङ डिभिजनका सबै कार्यकारी इन्जिनियरहरूसँग उच्चस्तरीय समीक्षा बैठक गर्नुभयो।

- गोर्खा राष्ट्रिय मुक्ति मोर्चाका अध्यक्ष मन घिसिङ आज सांङ्ठनिक भ्रमण लिएर मिरिक पुगे।

**कैबिनेट बैठक**

राज्यमा नयाँ बीजेपी सरकारको पहिलो कैबिनेट बैठकमा महत्वपूर्ण निर्णयहरु लिइएको छ।

***मुख्यमन्त्री शुभेंदु अधिकारी नेतृत्वको क्याबिनेटले गरेको निर्णयहरुमा पश्चिम बंगालमा आयुष्मान भारत स्वास्थ्य योजना लागू गर्ने, राज्यभरि कानून व्यवस्था थप सुदृढ बनाउने, BSF को पूर्वाधार तथा सीमा सुरक्षाका लागि जमिन उपलब्ध गराउने, भारतीय न्याय संहिता (BNS) तथा नयाँ आपराधिक कानुनहरू लागू गर्ने, सरकारी जागिरका उम्मेदवारहरूलाई ५ वर्ष उमेर सीमा छुट दिइने,***
***विभिन्न विभागहरूमा प्रशासनिक तथा ब्युरोक्रेटिक पुनर्संरचना गरिने, रोजगारी, शिक्षा, स्वास्थ्य तथा विकासलाई प्राथमिकता दिइने, मन्त्रिपरिषद्का मन्त्रीहरूबीच जिम्मेवारी तथा विभाग बाँडफाँड गरिने आदि रहेको छ। सरकारले यी निर्णयहरू सुशासन, पारदर्शिता, सुरक्षा तथा पश्चिम बंगालको समग्र विकासका लागि महत्वपूर्ण कदम भएको जनाइएको छ। यसका साथै भाजपाका ती 321 कार्यकर्ताहरुको परिवारको जिम्मेवारी सरकारले लिनेछ, जसको मृत्यु राजनीतिक हिंसासित जोडिएर भएको हो। यस अवसरमा मुख्यमंत्रीले भन्नू भयो, शासन, सुरक्षा अनि डबल इंजन सरकारको रोडमैप तो सरकारको प्राथमिकता हुनेछ। बैठकमा राज्यका मतदाताहरु, चुनाव आयोग अनि यस विशाल चुनाव प्रक्रियामा सामेल सबै कर्मचारीहरुलाई धन्यवाद दिनुभयो। मुख्यमन्त्रीले, पछिलो ममता सरकारले संविधानको उल्लंघन गर्दै बीएनएस लागू हुन नदिएको आरोप लगाउनु भयो। उहाँले सिमा क्षेत्रमा जमीन ट्रांसफरको कार्य आजवाट नै शुरु हुने भन्दै 45 दिनभित्र जमीन BSF लाई ट्रांसफर गरिने बताउनु भयो। मुख्यमंत्रीलाई नवान्नमा राज्य पुलिसद्वारा गार्ड आफ अनर प्रदान गरियो।***

**प्रधानमंत्री-राष्ट्र सात अपील**

प्रधानमंत्री नरेन्द्र मोदीले पश्चिम एशिया संकट बीच राष्ट्रलाई सशक्त बनाउनमा देशवासीलाई साझेदार बन्ने आह्वान गर्नुभयो। हैदराबादमा हिजो एक कार्यक्रमलाई संबोधित गर्दै प्रधानमंत्रीले राष्ट्रलाई सात अपील गर्नुभयो। उहाँले नागरिकहरुलाई सार्वजनिक परिवहनको उपयोग गर्ने अनि कार पूलिंगको माध्यमले आयातित ईंधनको उपभोगलाई कम गरी विदेशी मुद्रा भंडारलाई संरक्षित गर्नमा सहयोग गर्ने आग्रह गर्नुभयो। प्रधानमंत्रीको यो अपील यस्तो समयमा आएको हो जब पश्चिम एशिया

संकट अनि होर्मुज जलडमरूमध्यमा गतिरोध जारी रहेको कारण प्रति बैरल काँचो तेलको मूल्य सय डॉलर भन्दा अधिक रहेको छ। काँचो तेलको मूल्य पछिलो महीनाको समाप्तिमा 52 सप्ताहको सबैभन्दा उच्चतम स्तर 126 डॉलर प्रति बैरल पुगेको छ। प्रधानमंत्री मोदीले एक वर्षका लागि विदेश यात्रा गर्ने जस्ता विवेकपूर्ण खर्चमा पुनः सोच्ने आग्रह नागरिकहरुसित गर्नुभयो। उहाँले एक वर्षका लागि विदेशमा बिवाह कार्यक्रम आयोजित गर्ने या अत्यधिक सुनको खरीदलाई सीमित गर्नेमा फेरी विचार गर्ने जस्ता विदेशी खर्चमा कटौतीको उपाय खोज्ने आग्रह पनि नागरिकहरुसित गर्नुभयो। श्री मोदीले वर्क फ्रॉम होम अभ्यासलाई फेरी लागू गर्ने आह्वान गर्नुभयो। प्रधानमंत्री मोदीले नागरिकहरुलाई खाने तेलको उपभोगमा कमी गर्ने आग्रह किसानहरुसित गर्नुभयो। उहाँले किसानहरुसित विदेशबाट आयातित रासायनिक उर्वरकहरु माथि निर्भरता कम गर्ने आग्रह गर्नुभयो। वोकल फॉर लोकल आंदोलनको नारा बुलंद गर्दै प्रधानमंत्रीले भन्नुभयो 2047 सम्म विकसित भारतको लक्ष्यलाई प्राप्त गर्न आत्मनिर्भरता अनि जैविक कृषि भारतका लागि आवश्यक छ।

BYTE

**विभागहरू आवंटण**

मुख्यमन्त्री सुभेन्द अधिकारीले पाँच क्याबिनेट मंत्रीहरूलाई विभागहरू आवंटित गर्नु भयो। दिलीप घोषलाई पंचायत मामिल एवं ग्रामीण विकास र पशुधन विकास मंत्रीको जिम्मेवारी दिएकोछ भने निशित परमाणिकलाई उत्तर बंगाल विकास, युवा कल्याण र खेल मंत्रालय दिएकोछ। यसरी नै अग्निमित्रा पॉललाई महिला विकास विभागको जिम्मेवारी दिएकोछ भने खुदीराम टुडुलाई जनजातीय विकास मंत्री बढाइएकोछ। अशोक कीर्तनियालाई खाद्य विभाग मंत्रीको दायित्व दिएकोछ। नयाँ जिम्मेदारीहरूले संगठन र जनसंपर्क दुवैलाई बलीयो बनाउने दिशामा महत्वपूर्ण कदम मानिन्दैछ।

**पश्चिम बंगाल कैबिनेट**

पश्चिम बंगालका मुख्यमन्त्री शुभेन्दु अधिकारीले भन्नमुभएको छ राज्य सरकारले बंगलादेशको सीमामा बार लगाउन सीमा सुरक्षा बल **बीएसएफ**लाई ज़मीन **हस्तांतरित गर्ने** निर्णय गरेको छ। चुनावपछि पश्चिम बंगालमा नयाँ सरकार गठन भए पछि आज भएको **मंत्रिमंडल**को पहिलो बैठकमा यो **निर्णय लिईएका** हुन्। उहाँले आरोप लगाउँदै भन्नुभयो पछिल्लो तृणमूल कांग्रेस सरकारले घुसपैठलाई बढ़ावा दिनका लागि ज़मीन रोकेको थियो।

**बाइट - शुभेंदु -**

श्री अधिकारीले राज्यमा केन्द्र सरकारको आयुष्मान भारत स्वास्थ्य योजना र अन्य धेरै योजनाहरू राज्यमा कार्यान्वयन गर्ने घोषणा गर्नुभयो।श्री अधिकारीले राज्यमा केंद्र सरकारको आयुष्मान भारत स्वास्थ्य योजना र कैयन अन्य योजनाहरुको क्रियान्व्यनको घोषणा गर्नुभयो। राज्यलाई अब आधिकारिक रुपमा आयुष्मान भारत योजनामा सामेल गरिएको छ, साथै प्रधानमंत्री फसल बीमा योजना र प्रधानमंत्री जन आरोग्य योजनाको लाभ पनि प्राप्त गर्न सकिनेछ। श्री अधिकारीले केंद्र सरकारको दिशा-निर्देश तत्काल लागू गरिन्दै छ भन्नुभयो।मंत्रिमंडलले केन्द्रीय गृहमन्त्री अमित शाहले चुनाव प्रचारको क्रममा गरेको वचन अनुसार, विद्यालय नौकरीका आवेदकहरूको उमेर सीमामा पाँच वर्षको विस्तार गर्ने प्रस्तावलाई पनि अनुमोदन गरेको छ।

**लक्ष्मी भण्डार र स्वास्थ्य साथी**

पश्चिम बंगालमा सत्ता परिवर्तनपछि, राजनीतिक वृत्तमा लक्ष्मी भण्डार र स्वास्थ्य साथी जस्ता अघिल्लो सरकारका सामाजिक योजनाहरू बन्द हुने कि नहुने भन्ने बहस चलिरहेको थियो। यद्यपि, सोमबार नवन्नामा भएको पहिलो मन्त्रिपरिषद् बैठकपछि, मुख्यमन्त्री शुभेन्दु अधिकारीले राज्यमा कुनै पनि सरकारी योजना अन्तर्गतका लाभहरू बन्द नहुने स्पष्ट पार्नु भयो। मुख्यमन्त्रीले राज्यका सबै सरकारी योजनाहरू पहिले जस्तै जारी रहने बताउनु भयो। यद्यपि, प्रत्येक योजनामा पारदर्शिता ल्याइनेछ। उहाँले कुनै पनि मृतक व्यक्तिले योजनाहरूबाट लाभ पाउने छैनन् र कुनै पनि "गैर-भारतीय" व्यक्तिलाई सामाजिक योजनाहरूबाट लाभ दिइने छैन भनी बताउनु भयो।

उल्लेखनीय छ, अघिल्लो सरकारको समयमा, दुई सामाजिक योजनाहरू - लक्ष्मी भण्डार र स्वास्थ्य साथी - सबैभन्दा लोकप्रिय थिए। लक्ष्मी भण्डार योजना अन्तर्गत, राज्यका महिलाहरूले मासिक आर्थिक सहायता पाउँथे। सामान्य वर्गका महिलाहरूले ₹१,५०० पाउँथे, जबकि अनुसूचित जाति र अनुसूचित जनजातिका महिलाहरूले प्रति महिना ₹१,७०० पाउँथे।
स्वास्थ्य साथी योजना अन्तर्गत, परिवारहरूलाई वार्षिक ₹५ लाखसम्मको स्वास्थ्य बीमा कभरेज प्रदान गरिएको थियो

## संसद बिष्ट प्रतिक्रिया

दार्जीलिङ लोकसभा सांसद राजु बिष्टले आज एक प्रेस बिज्ञप्ति जारी गर्दै राज्यका मुख्यमन्त्री श्री शुभेन्दु अधिकारीको नेतृत्वमा पश्चिम बंगाल सरकारले विभिन्न सार्वजनिक क्षेत्रका उपक्रमहरू, बोर्डहरू, राज्य सञ्चालित संगठनहरू र गैर-वैधानिक निकायहरूमा मनोनीत सदस्यहरू, निर्देशकहरू, र अध्यक्षहरू आदिले ओगटेका सबै पदहरू तुरुन्तै समाप्त गर्ने निर्णयको स्वागत गर्नु भएको छ। यसका साथै सरकारले सबै राज्य सरकारी विभागहरूमा ६० वर्षको सामान्य अवकाश उमेरभन्दा बढी उमेरका अधिकारी र अधिकारीहरूलाई दिइएको पुन: रोजगारी समाप्ति र सेवा विस्तारको लागि पनि आदेश दिइएको छ। यो आदेशले सबै मनोनीत नगर अध्यक्षहरू, विभिन्न विकास बोर्डहरूका मनोनीत सदस्यहरू, शिक्षा बोर्डहरूका मनोनीत सदस्यहरूलाई प्रभावकारी रूपमा हटाउँछ।
श्री बिष्टले यो आदेशले दार्जिलिङ पहाड, तराई र डुवर्स क्षेत्र र राज्यभरका विभिन्न नगरपालिकाहरूमा लामो समयदेखि प्रतिक्षा गरिएको चुनावको लागि पनि मार्ग प्रशस्त गर्ने बिश्वास जताउनु भएको छ।

## केंद्र-विकसित भारत जी राम जी

केंद्र सरकारले विकसित भारत जी राम जी- गारंटी फॉर रोजगार अनि आजीविका मिशन (ग्रामीण) अधिनियम, 2025 को कार्यान्वयनको अधिसूचना जारी गरिएको छ। यो अधिनियम यस वर्ष पहिलो जुलाईदेखि देशभरि नै लागू हुनेछ। ग्रामीण विकास मंत्रालयले भनेको छ प्रत्येक वित्तीय वर्षमा 125 दिनको रोजगार गारंटी अधिनियमले ग्रामीण भारतलाई सशक्त बनाउने छ। देशभरिमा नयाँ ढांचाको कार्यान्वयनका लागि हालको वित्त वर्षमा 95 हजार 692 करोड़ रुपियाँको प्रावधान गरिएको छ। महिला श्रमिकहरुको भागीदारीलाई प्रोत्साहित गर्न विकसित भारत जी राम जी अधिनियममा कार्यस्थलहरुमा नानीहरुको हेरचाहरका लागि एक महत्वपूर्ण प्रावधान रहेको छ।

## मोदी सुन पश्चिम एसिया

प्रधानमन्त्री नरेन्द्र मोदीले पश्चिम एसिया संकटको बीच नागरिकहरूलाई एक वर्ष सम्म सुन खरीद न गर्न, इन्धनको खपत कम गर्न र विदेशी मुद्रा बचत गर्न आग्रह गर्नु भएको छ।हैदराबादमा हिजो एक समारोहमा श्री मोदीले वर्क फ्रॉम होम व्यवस्था फेरि शुरू गर्ने, अनावश्यक विदेश यात्रा नगर्न र स्थानीय उत्पादहरूको खरिदलाई प्राथमिकता दिन अपील गर्नु भएको छ।

**बाइट - पीएम मोदी**

**प्रधानमन्त्रीको यो अपील यस्तो समयमा आएको हो जब पश्चिम एसियामा बढ्दो तनाव र होर्मुज जलडमरूमध्य वरपर व्यवधानका कारण विश्वव्यापी कच्चा तेलको मूल्य लगभग 70 डलर प्रति बैरल देखि बढ़ेर लगभग 126 डलर प्रति बैरल पुगेको छ।विश्वव्यापी ऊर्जा लागत बढेकोले देशले आर्थिक दबाबको सामना गरिरहेको छ त्यसैले प्रधानमन्त्रीले नागरिकहरूलाई विवेकाधीन खर्चमा पुनर्विचार गर्न पनि अपील गर्नुभएको छ।प्रधानमन्त्रीले नागरिकहरूलाई खाद्य तेलको खपत कम गर्न र किसानहरूलाई विदेशबाट आयात गरिने रासायनिक उर्वरकमा निर्भरता कम गर्न आह्वान गर्नुभयो।**

**ममता विपक्षी मोर्चा गठन खारेज**

पश्चिम बंगालमा, कांग्रेस र वामपन्थी दलहरूले भाजपा विरुद्ध संयुक्त विपक्षी मोर्चा गठन गर्ने ममता बनर्जीको प्रस्तावलाई खारेज गरेका छन्। ममता बनर्जीले कांग्रेस, मार्क्सवादी कम्युनिस्ट पार्टी र कट्टर वाम दलहरू लगायत सबै विपक्षी दलहरूलाई भाजपा विरुद्ध एकजुट हुन आह्वान गर्नु भएको थियो।कांग्रेस प्रवक्ता सौम्या एच रोयले ममता बनर्जीको अपील खारेज गर्दै प्रशन गर्नुभयो कि उहाँले किन कट्टर वामपंथी समूहको कुरा गर्दै हुनुहुन्छ।उहाँले 2013 मा कांग्रेस कार्यकर्ताहरू विरुद्ध माओवादी हिंसाको पनि उल्लेख गरेनुभयो। उहाँले तृणमूल कांग्रेसले विगतका चुनावहरुमा कांग्रेसलाई बदनाम गरेको र भाजपाको उदयलाई बढावा दिएको आरोप लगाउँदै भन्नुभयो ममता बनर्जीले नै भाजपालाई बंगालमा पाइला राख्ने अवसर दिनु भएको थियो ।

माकपाका प्रदेश सचिव मोहम्मद सलीमले पनि यो प्रस्तावलाई सिधै खारेज गर्दै ममता बनर्जीलाई भ्रष्ट र साम्प्रदायिक भन्नुभयो।

सीपीआईका प्रदेश सचिव स्वपन बंदोपाध्यायले भन्नुभयो ममता बनर्जीसित जोडीने कुनै प्रशन नै छैन।

**तपन घोषको जयंती**

हिंदू संहतिका संस्थापक तपन घोषको जयंतीको अवसरमा राज्यका मुख्यमंत्री शुभेंदु अधिकारीले श्रद्धांजलि अर्पण गर्नुभयो।

मुख्यमंत्रीले सोशल मीडिया मार्फत लेख्नुभयो, राष्ट्रवादी नेता, हिंदू संहतिका संस्थापक तपन घोषको जयंतीमा उहाँलाई विनम्र श्रद्धांजलि अर्पित गर्दछु।

हिंदू संहति तपन घोष द्वारा स्थापित एक संगठन हो, जो मुख्य रूपले पश्चिम बंगालमा बंगाली हिंदुहरुको सुरक्षा अनि अधिकारका लागि कार्य गर्दछ। 14 फरवरी 2008 मा यसको स्थापना गरिएको थियो।

**दिलीप घोष**

राज्य सरकारमा मंत्री अनि वरिष्ठ भाजपा नेता दिलीप घोषले विधानसभा चुनावमा हार पछि तृणमूल कांग्रेस उस्तै नरहेको बताउनुभएको छ| उहाँले तृणमूल कांग्रेस पार्टी पूर्ण रुपले बदलिने छ जसको संकेत उनीहरुको नेता अनि प्रवक्ताहरुले दिइ रहेको बयानबाट स्पस्ट हुने बताउनु भयो|

पश्चिम एशियामा संघर्षको माहौलमा देशवासीहरुसित प्रधानमंत्री नरेंद्र मोदी द्वारा गरिएको अपीलहरुको उल्लेख गर्दै श्री दिलीप घोसले भन्नुभयो, "बिश्वको कुनै न कुनै क्षेत्रमा लगभग तीन बर्षदेखि युद्ध चलिरहेको छ। गैसको मूल्य बढिरहेको छ बढ़, किनभने यो आयातित हो।

**अनित थापा**

गोर्खाल्याण्ड क्षेत्रिय प्रशासनका प्रमुख कार्यपाल अनित थापाले आचारसंहिता (MCC) हटाइएपछि, प्रशासन अन्तर्गतका विभिन्न इन्जिनियरिङ डिभिजनका सबै कार्यकारी इन्जिनियरहरूसँग उच्चस्तरीय समीक्षा बैठक गर्नुभयो। बैठकले विकास गतिविधिहरूलाई तीव्रता दिने र क्षेत्रभरि चलिरहेका पूर्वाधार परियोजनाहरूको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्ने कुरामा केन्द्रित रहेको बताइएको छ। छलफलको क्रममा, सबै विभागहरूलाई हालसम्म गरिएका योजना र परियोजनाहरूको विस्तृत प्रगति रिपोर्ट प्रस्तुत गर्न निर्देश दिइएको छ। विकास कार्यहरूको हालको स्थिति मूल्याङ्कन गर्ने, बाँकी रहेका कामहरू पहिचान गर्ने र छिटो कार्यान्वयनका लागि विभागहरू बीच उचित समन्वय सुनिश्चित गर्ने कुरामा बैठकले जोड दिएको छ। यस अवसरमा प्रमुख कार्यपालले सार्वजनिक कार्यहरूमा, विशेष गरी सडक, खानेपानी, सिँचाइ, सार्वजनिक भवनहरू र अन्य आवश्यक पूर्वाधार परियोजनाहरूसँग सम्बन्धित, पारदर्शिता, जवाफदेहिता र दक्षता कायम राख्नेमा जोड दिनु भयो। उहाँले अधिकारीहरूलाई निर्धारित समयसीमा भित्र चलिरहेका कामहरू सम्पन्न गर्न प्राथमिकता दिन निर्देशन दिनु भयो ताकि विकासात्मक लाभहरू अनावश्यक ढिलाइ बिना जनतासम्म पुग्न सकोस।

**मन घिसिङ मिरिक**

गोर्खा राष्ट्रिय मुक्ति मोर्चाका अध्यक्ष मन घिसिङ आज सांङ्ठनिक भ्रमण लिएर मिरिक पुगे। घिसिङले सिङगुली गैरी गाउँस्तित संस्थापक अध्यक्ष सुवास घिसिङको मित्र मैयाँ नेवारलाई भेटघाट गरि आशिर्वाद लिएर हल्लने ढुङ्गा संसारी माईमा पुजा आर्चना गरि मिरिक ब्राञ्च कमिटी कार्यलयमा पुगेर सांङ्ठनिक विषयमा चर्चा परिचर्चा गर्दै सभालाई सम्बोधन गरे।

**********